नेपाल सरकार
सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय
सिंहदरबार, काठमाण्डौं

पत्र संख्या:- ०६३/०६४
चलानी नं.:- ८६०

मिति: २०७३/११/०२

श्री जिल्ला विकास समितिको कार्यालय (सबै),

श्री महानगरपालिका, उप - महानगरपालिका, नगरपालिकाको कार्यालय (सबै)

विषय :- **स्थानीय निकायको सूचना प्रविधि सहयोग पेज संग सम्बन्धी जानकारी**

उपरोक्त विषयमा यस मन्त्रालयबाट सबै स्थानीय निकायका लागि वेबसाइट निर्माण गरी तालिम उपलब्ध गराईसकेको र विभिन्न निकायहरुको लागि अनुरोधको आधारमा सम्बन्धित निकायको **.gov.np** इमेल पनि बनाई सकिएको व्यहोरा अवगत नै छ। तालिम लिन बांकि स्थानीय निकायलाई पनि यसै आ.व.मा तालिम दिने कार्यक्रम रहेको छ। वेबसाईट, इमेल संचालन साथै सूचना प्रविधिसंग सम्बन्धित समस्याहरु यस शाखा र एल.जी.सी.डी.पी.का ईकाईहरुमा कार्यरत सूचना प्रविधि विज्ञहरुद्वारा सहयोग प्रदान भैरहेकोमा आफ्नो स्थानीय निकायका लागि सम्बधित विज्ञको सम्पर्क विवरण र वेबसाईट, इमेल संचालन लगायत सूचना प्रविधिसंग सम्बन्धित दस्तावेज mofald.gov.np/ictsupport मा गई प्राप्त गर्न सकिने व्यहोरा जानकारीको आदेशानुसार लागि अनुरोध छ।

सबै स्थानीय निकायहरुले **.gov.np** इमेल प्रयोग गर्नु पर्ने नेपाल सरकारको प्रावधान रहेकोले, सो इमेल माग गर्न वा प्रयोग गर्न बाँकि रहेका निकायले उपरोक्त लिंकमा गई सम्बन्धित विज्ञसंग सम्पर्क राखी जानकारी लिई इमेल प्रयोग गर्नु हुन पनि अनुरोध छ।

(देवेन्द्र कुमार झा)

क. अधिकृत